# करारनामा

(निर्माता र कलाकार)

मितिः ..........................

लिखितम् का.जि.का.म.न.पा. वडा नं. ......, ........................, काठमाडौंमा कम्पनी रजिष्टार्ड कार्यालय दर्ता भएको...................................................प्रा.लि. (प्रा.लि.नं. .....................................)को तर्फबाट अख्तियार प्राप्त संचालक, जिल्ला ............................. म.न.पा./उप म.न.पा./न.पा./गा.पा. .............................. वडा नं.–....... स्थाई घर भई हाल .........................................वडा नं. ........., ....................,......................... बस्ने श्री ........................................... (जसलाई यसपछि यस सम्झौतामा प्रथम पक्ष भनि संवोधन गरिएको छ) र जिल्ला ........................... म.न.पा./उप म.न.पा./न.पा./गा.पा. ......................................... वडा नं ...... स्थाई ठेगाना रही हाल ................. बस्ने (ना.प्र. नं. ....................................) भएका श्री ..............................(जसलाई यसपछि यस सम्झौतामा दोस्रो पक्ष भनि संवोधन गरिएको छ) बिच तपसिलमा उल्लेखित शर्तहरु पालना गर्न सहमत भई प्रथम पक्षले निर्माण गर्न लागेको .........................................नामक नेपाली कथानक चलचित्रमा **प्रमूख कलाकार/कलाकार**को रुपमा काम गर्न–गराउन मञ्जुर भएकोले मुलुकी देवानी संहिता २०७४ को करार तथा अन्य व्यवस्थाको अधिनमा रही मुलूकी देवानी कार्यविधि संहिता २०७४ को दफा ..... बमोजिम म.न.पा/उ.म.न.पा/न.पा./गा.पा. वडा नम्बर.......... को कार्यालयको रोहवरमा सही छाप गरि .......................................प्रा. लि.को कार्यालय ......................, काठमाडौंमा बसी यो सम्झौतामा सहीछाप गरी एक/एक प्रति बुझिलियौँ/दियौँ ।

**<u>तपसील</u>**

१. प्रथम पक्षले निर्माण गर्ने नेपाली कथानक चलचित्र ........................................मा दोस्रो पक्षले **प्रमूख कलाकार/कलाकार**को रुपमा काम गर्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

२. यो सम्झौता पत्र मिति बि.सं. ........... साल ............ महिना .....गतेबाट लागु भई बि.सं. ...........साल ............. महिना ..... गते सम्म कायम रहने छ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

३. पारिश्रमिकका सम्वन्धमा, प्रथम पक्षले निर्माण गर्ने यस चलचित्रमा प्रमूख कलाकार/कलाकार को रुपमा काम गरेबापत दोस्रो पक्षले रु.....................(अक्षरेपी........................................................) पारिश्रमिक पाउने र सो रकमबाट नेपाल सरकारको प्रचलित कानूनअनुसार कर कट्टी गर्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

४. पारिश्रमिक भुक्तानीका सम्वन्धमा, सम्झौता पत्रमा हस्ताक्षर गर्दाको समयमा .......... प्रतिशत, चलचित्रको छायांकन समाप्त भएपछि ............ प्रतिशत र स्वरांकन सकिएपछि बाँकी ........... प्रतिशत रकम भुक्तानी हुनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

५. यस चलचित्र निर्माणको क्रममा प्रथम पक्षले गर्ने रचनात्मक र सिर्जनात्मक भूमिकामा दोस्रो पक्षले कुनै खालका दवाब दिन नपाउने तर सल्लाह सुझावका लागि दुबै पक्ष खुला रहने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

६. प्रथम पक्षले तोकेको समय र ठाउँमा उपस्थित भई दोस्रो पक्षले यस चलचित्रको सम्वन्धित कार्य (आफ्नो चरित्रलाई न्याय हुने गरि चलचित्रमा राम्रो अभिनय) गर्नुपर्नेछ । सोकार्य गर्दा दोस्रो पक्षको लागि चाहिने खाना, बास र यातयातको व्यवस्था प्रथम पक्षले गर्नेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

७. प्रथम पक्षद्धारा निर्माण गरिएको यस चलचित्रको सम्वन्धित कार्य समाप्त भएपछि पनि कुनै कारणवश पुनः सोही काम गर्नुपर्ने भएमा दोस्रो पक्षले समय उपलब्ध गराउनु पर्नेछ । र,दोस्रो पक्षले गर्ने उक्त कार्यको पुनः भुक्तानीका लागि दुबै पक्षको आपसी सहमतिमा निर्णय गर्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

८. यस चलचित्रमा तोकिएको कार्य गर्दा दोस्रो पक्षले हाल विद्यमान सरकारी निकायले जारी गरेका वा भविष्यमा जारी गर्ने चलचित्र सम्वन्धि कानुन, नियम वा विनियम लगायत सम्पूर्ण कानुनी व्यवस्थाको पालना गर्नुपर्ने छ । दोस्रो पक्ष उपरको कुनै कानुनी कारवाही, दण्ड, जरिवानका लागि प्रथम पक्ष जवाफदेही हुने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

९. प्रथम पक्षको लगानीमा निर्माण गरिएकोयस चलचित्रको प्रतिलिपि सम्वन्धिको सम्पूर्ण अधिकार तथायो चलचित्र देश विदेशमा विक्री वितरण गर्दा हुने आम्दानी, चलचित्र भवनमा प्रदर्शन गर्दा हुने आम्दानी, विभिन्न च्यारिटी शोहरुबाट हुने आम्दानी तथा अहिले विद्यमान र भविष्यमा आउने कुनै पनि डिजिटल माध्याम र अन्य कुनैपनि माध्यमबाट हुने कुनैपनि प्रकारको आम्दानी प्रथम पक्षकै हुनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

१०.यस सम्झौता बमोजिम दोस्रो पक्षको कारणबाट प्रथम पक्षलाई कुनैपनि प्रकारको क्षति भएमा वा प्रथम पक्षको कारणबाट दोस्रो पक्षलाई कुनै क्षति भएमा दुबै पक्षले उचित क्षतिपूर्तिको माग दावी गर्न पाउने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

११.चलचित्रको छायांकनपूर्व प्रथम पक्षले आयोजना गर्ने कार्यशालामा कम्तीमा तीस दिन दोस्रो पक्ष सहभागी हुनुपर्नेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

१२.प्रथम पक्षले दोस्रो पक्षलाई उपलव्ध गराएको चलचित्रको स्क्रिप्ट तथा चलचित्रसँग सम्वन्धित कुनै पनि सूचना सार्वजनिक गर्न अथवा तेस्रो पक्षलाई दिन पाईने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

१३.चलचित्र प्रदर्शन हुने समयमा कलाकारले कम्तीमा पनि बीस दिन प्रचार प्रसारको लागि समय दिनुपर्नेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

१४.प्रथम पक्षले दोस्रो पक्षलाई चलचित्रको कार्यशाला, छायांकन, स्वराङकन तथा प्रचार प्रसारको क्रममा उपलव्ध गराएका कुनैपनि सामग्री सम्वन्धित कार्य सम्पन्न भइसकेपछि दोस्रो पक्षले प्रथम पक्षलाई सही अवस्थामा बुझाउनु पर्नेछ तथा प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराएका कुनैपनि सामग्रीहरु प्रथम पक्षको लिखित अनुमति बिना व्यक्तिगत रुपमा प्रयोग गर्न तथा अन्य पक्षलाई कुनैपनि प्रयोजनको लागि दिन पाइने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

१५.चलचित्र छायांकनको क्रममा प्रथम पक्षको अनुमतिबिना चलचित्रसँग सम्वन्धित कुनैपनि खालका तस्वीर खिचेर सामाजिक सञ्जालमा राख्न अथवा अन्य कुनैपनि माध्यमबाट तिनको प्रचार प्रसार गर्न पाइने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

१६.प्रथम पक्ष र दोस्रो पक्षको सहमतिमा यो सम्झौताका कुनै शर्तहरु संशोधन वा थप गर्न सकिनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

१७.यो सम्झौतामा लेखिएको यसै सम्झौताअनुसार र यसमा नलेखिएको कुरामा नेपाल सरकारको प्रचलित ऐन कानुन अनुसार हुनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

१८.माथि लेखिए बमोजिमको शर्त बन्देजहरुको परीपालना गर्नमा हामी दुवैथरिबाट मञ्जुर गरेका छौं । मुकाम का.जि.का.म.न.पा. वडा नम्बर ..........., ........................ हो ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| नामः ................................................... | नामः ..................................................... |
| दर्जाः सञ्चालक/निर्माता | दर्जाः मुख्य कलाकार/कलाकार |
| कम्पनीको नामः ...................................... | आवद्धताः ................................................ |
| सम्पर्क नम्बरः ........................................ | सम्पर्क नम्बरः .......................................... |
| इमेल ठेगानाः .......................................... | इमेल ठेगानाः ........................................... |
| दा. हस्ताक्षर बा. | दा. हस्ताक्षर बा. |

<u>साक्षीहरु</u>

(क) ........................................

(ख) .........................................

(ग) मस्यौदाकर्ताः अधिवक्ता–....................................................
प्रमाणपत्र नम्बरः ..........................

इति सम्वत् २०........ साल ................ महिना .... गते ..... रोज शुभम्